// स्थानीय राजपत्र

भाग : २, खण्ड : ७, संख्या ६, राजपत्रमा प्रकाशित मिति २०८०।०४।२९

कार्यपालिकाबाट स्वीकृती मिति : २०८०।०४।२६

प्रमाणिकरण मिति : २०८०।०४।२८

## दिपायल सिलगढी नगरपालिका, डोटी

# दिपायल सिलगढी नगरपालिकाको मुक्त हलिया पुनःस्थापना कार्यविधीा

२०८०

# मुक्त हलिया पुनःस्थापना कार्यविधी፣२०८०

प्रस्तावनाः मुक्त हलियाहरूको पहिचान፣ पुनःस्थापना कार्य सम्पन्न गर्ने र वृत्ति विकासका कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर बनाउँदै मुक्त हलिया परिवारहरूको जीवनस्तरमा सुधार ल्याउन आवश्यक भएकोले नेपालको संविधानको धारा ५१ ञ.६॰ को भावना र मर्म अनुरूप स्थानीय सरकार सञ्चालन ऐन፣२०७४ को दफा १०२ को .१॰ ले दिएको अधिकार प्रयोग गरि मुक्त हलिया पुर्नस्थापना कार्यबिधि፣२०८० जारी गरिएको छ।

## परिच्छेद १

## संक्षिप्त नाम፣ प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः .१॰** यस कार्यविधिको नाम ⋆मुक्त हलिया पुनःस्थापना कार्यविधि፣२०८०‗ रहेको छ।

.२॰ यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**.**

.क॰ “समिति” भन्नाले यस कार्यविधि बमोजिम स्थापना भएको मुक्त हलिया पहिचान तथा पुनःस्थापना समितिलाई सम्झनुपर्दछ।

.ख॰ “स्थानीय तह” भन्नाले दिपायल सिलगढी नगरपालिकालाई सम्झनुपर्दछ।

.ग॰ “वडा कार्यालय” भन्नाले दिपायल सिलगढी नगरपालिकाको वडालाई सम्झनुपर्दछ।

.घ॰ “कार्यपालिका” भन्नाले दिपायल सिलगढी नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ।

.ङ॰ “वडा समिति” भन्नाले यस कार्यविधि बमोजिम वडा स्तरमा गठन भएको मुक्त हलिया सहजीकरण समितिलाई सम्झनुपर्दछ।

.च॰ “गणना टोली” भन्नाले यस कार्यबिधि बमोजिम वडास्तरमा विभिन्न स्थानमा गई छुट मुक्त हलियाहरूको लगत तथा तथ्याङ्क सङ्कलन गर्ने टोलीलाई सम्झनुपर्दछ।

.छ॰ “मुक्त हलिया” भन्नाले २०६५ भाद्र २१ गते नेपाल सरकारले मुक्त घोषणा गरे पश्चात् लगतमा नाम भई परिचयपत्र प्राप्त गरि पुर्नस्थापना भएका र हुन बाँकी मुक्त हलिया परिवार सम्झनुपर्दछ।

.ज॰ “छुट मुक्त हलिया” भन्नाले २०६५ भाद्र २१ गते नेपाल सरकारले मुक्त घोषणा गरि तथ्याङ्क सङ्कलन गर्दा तत्कालीन अवस्थामा लगतमा नाम छुट्न गएका मुक्त हलियाहरूलाई सम्झनुपर्दछ।

.झ॰ “विकास साझेदार संस्था” भन्नाले पुनः स्थापना कार्यमा आर्थिक तथा प्राविधिक सहायता उपलव्ध गराउने नेपाल सरकारको स्वीकृति लिई नेपालभित्र कार्यरत संस्था वा दातृ निकाय लगायत नीजि क्षेत्रलाई सम्झनुपर्छ।

.ञ॰ “लगत सङ्कलन सहजीकरण समिति” भन्नाले दफा ४ बमोजिमको सहजीकरण समिति सम्झनुपर्छ।

.ट॰ “लगत” भन्नाले यस कार्यविधि बमोजिम वडा कार्यालय मार्फत सङ्कलन गरिने मुक्त हलियाहरूको विवरण तथा तथ्याङ्कलाई सम्झनुपर्दछ।

## परिच्छेद २

## लगत सङ्कलन, प्रमाणिकरण र परिचयपत्र वितरण

**३. छुट मुक्त हलियाको लगत सङ्कलन गर्ने निर्णय र सूचना प्रकाशनः** .१॰ मुक्त हलिया पहिचान तथा पुनःस्थापना समितिले मुक्त हलिया तथा छुट मुक्त हलियाहरूको लगत सङ्कलन गर्ने सम्बन्धमा निर्णय गरी सूचना प्रकाशन गर्न सबै वडा कार्यलयहरूलाई निर्देशन दिने र सबै वडा कार्यालयमा तोकिएको ढाँचामा गणना टोली समक्ष आफ्नो विवरण बुझाउन सबैको जानकारीको लागि अनुसूचीः३ बमोजिमको ढाँचामा सूचना प्रकाशित गर्ने।

.२॰ स्थानीय तहले छुट मुक्त हलिया रहेका वडामा लगत सङ्कलन सहजीकरण समितिको गठन गर्ने व्यवस्था मिलाउने।

.३॰ सम्बन्धित वडाले लगत सङ्कलन सहजीकरण समिति गठन गर्ने।

.४॰ वडाबाट लगत सङ्कलन कार्य सम्पन्न भई पालिका समितिमा पेश भईसकेपछि भएपछि कार्यपालिका वा पालिका समितिले भूमि सम्बन्धी विषय हेर्ने शाखालाई हलिया पुनःस्थापना सम्बन्धी कामको जिम्मेवारी तोक्ने।

.५॰ लगत सङ्कलन र स्वघोषणाको ढाँचा यसै कार्यविधिको अनुसूची १मा राखिएको छ।

**४. लगत सङ्कलन सहजीकरण समिति गठनः** छुट मुक्त हलियाहरूको लगत सङ्कलन कार्यको व्यवस्थापन गर्न सम्बन्धित वडामा देहाय वमोजिमको सहजीकरण समिति रहनेछ।

(क॰ सम्बन्धित वडाको वडा अध्यक्ष –संयोजक

(ख॰ सम्बन्धित वडाको मुक्त हलिया प्रतिनिधि १ जना –सदस्य

(ग॰ वडा कार्यालयको सचिव –सदस्य

**५. लगत सङ्कलन सहजीकरण समितिको काम, कर्तव्य र अधिकारः** .१॰ लगत सङ्कलन सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क॰ आफ्नो वडामा लगत सङ्कलन कार्य गर्न वडाको जनसँख्या र भुगोलको आधारमा गणक नियुक्त गर्ने।

(ख॰ गणक नियुक्त गर्दा मुक्त हलियाको समेत संलग्नता अनिवार्य गराइने।

(ग॰ लगत सङ्कलन प्रारम्भ गर्नु अघि गणकलाई प्रशिक्षण .अभिमुखीकरण॰ को व्यवस्था मिलाउने।

(घ॰ लगत सङ्कलन कार्यको लागि आवश्यक सामाग्रीको व्यवस्था गर्ने।

(ङ॰ लगत सङकलन कार्यमा कुनै समस्या आईपरेमा सो को समाधान गर्ने।

(च॰ गणना टोलीले सङ्कलन गरेको लगत वडा समितिले प्रमाणित तथा सिफारिस गरि पालिकास्तरको मुक्त हलिया पहिचान तथा पुनःस्थापना समिति समक्ष पेश गर्ने।

(छ॰ गणकको लागि कम्तीमा बाह्र .दश जोड दुइ॰ कक्षा उत्तीर्ण गरी कम्प्युटर चलाउन सक्ने योग्यता भएको हुनुपर्ने।

**६. लगत सङ्कलनको विधी र आधारः** .१॰ सूचना प्रकाशित भएको मितिदेखि गणकले तोकिएको क्षेत्रमा गई अनुसूची १ अनुसारको फाराममा लगत सङ्कलन कार्य सम्पन्न गर्नुपर्ने।

.२॰ नेपाल सरकारले हलिया मुक्तिको घोषणा गर्दा तत्कालीन अवस्थामा छुटेका' लगत लिंदा २०६५ भाद्र २१ को मितिलाई आधार मानी त्यस अघिदेखि हलिया श्रमिकको रूपमा काम गरेको व्यक्ति र हाल पनि हलिया श्रम गर्दै आईरहेकाहरूको लगत लिनुपर्ने।

.३॰ विगतमा हलिया श्रमिकको रूपमा काम गरेको तर हाल मृत्यु भै सकेको भए निजको पति वा पत्नी वा एकाघर सगोलको व्यक्तिको नामबाट लगत सङ्कलन गर्नुपर्ने।

.४॰ गणकले अनुसूची १ बमोजिमको फाराममा रहेको स्वघोषणा राम्ररी पढिबाची सुनाउनुका साथै त्यसको अर्थ समेत बुझाई दस्तखत गर्न लगाउनुपर्ने।

.५॰ लगत सङ्कलन कार्यमा विकास साझेदार संस्थाको सहयोग लिन सकिने।

.६॰ गणना टोलीले नगरपालिकाका सबै वडाहरूमा लगत सङ्कलन कार्य शुरू गर्ने।

.७॰ साबिक लगतमा छुटेका हलिया, साबिक लगतमा नाम भएतापनि पुनःस्थापना प्रक्रियामा प्रवेश नगरेका, पुनःस्थापना प्रक्रियामा प्रवेश गरी जग्गा प्राप्त गरेका तर घर निर्माण खर्च नपाएका, घर निर्माण बाफत आंशिक रकम .पहिलो किस्ता मात्र॰ पाएका र घर मर्मत बाफत आंशिक रकम .पहिलो किस्ता मात्र॰ पाएका हलियाहरूको लगत सङ्कलन गर्ने तर परिचयपत्र भने पुरानै लागू हुने।

.८॰ नेपाल सरकारको तथ्याङ्कमा नाम भएमा तर पुनःस्थापना प्याकेजमा रकम प्राप्त नगरेका मुक्त हलियाहरूलाई पुर्नस्थापना प्रक्रियामा समावेश गर्ने।

.९॰ पुनःस्थापना प्रक्रियामा प्रवेश गरी आंशिक रकम मात्र पाएका हलियाको विवरण सम्बन्धित मालपोत कार्यालयको अभिलेखसँग भिडाउनुपर्ने भएकोले वडा समितिले नगरपालिका मार्फत विवरण सत्यापनको लागि मालपोत कार्यालयसँग समन्वय गर्ने।

**७. दावी विरोध' लगतको सत्यापन र वर्गिकरणः** .१॰ लगत सङ्कलन सहजीकरण समितिले गणकबाट पेश भएको तथ्याङ्क सूची दावी विरोधका लागि यसै कार्यविधिको अनुसुची ४ को ढाँचामा १५ दिनको समय दिई वडा कार्यालयबाट सूचना प्रकाशित गर्ने।

.२॰ वडा समितिले लगतमा परेको दाबी विरोध फर्छ्यौट् गरी सूची अद्यावधिक गर्ने।

.३॰ अद्यावधिक गरिएको लगत वडा समितिले सत्यापन (Verification) गरी वर्गीकरण र प्रमाणिकरण परिचयपत्र पुनःस्थापनाका लागि कार्यपालिकामा पेश गर्ने।

.४॰ लगत सङ्कलन गरेका मुक्त हलियाहरुलाई .क॰ र .ख॰ वर्गमा विभाजन गरी वर्गिकरण गर्नुपर्ने र वर्गिकरण गर्दा अपनाउनुपर्ने न्यूनतम मापदण्ड तथा आधारहरू निम्न बमोजिम हुनेछन्ः

**.अ॰ मुक्त हलिया .क॰ वर्गको हलिया परिचयपत्रका लागिः**

.क॰ घर जग्गा दुवै आफ्नो स्वामित्वमा नभएको मुक्त हलिया परिवार।

.ख॰ नेपाल सरकारको आवास मापदण्ड भन्दा कम जग्गा भएको मुक्त हलिया परिवार।

.ग॰ नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७६ जेष्ठ ६ गतेको निर्णानुसार पुनःस्थापनाको अधिकार स्थानीय तहलाई हस्तान्तरण गरि वर्गिकरण सहित पठाएका क‚ ख‚ ग र घ वर्गका पुनःस्थापना हुन बाँकी मुक्त हलियाहरू परिवारलाई पुनःस्थापना प्रक्रियामा बञ्चित गरिने छैन।
.घ॰ अस्थायी‚ कच्ची‚ खर‚ प्लास्टिक‚ माटाको ढलानको जोखिमयुक्त घर भएको मुक्त हलिया परिवार।

**नोटः** मुक्त हलियासँग भान्सासहित पक्कि ४ कोठाको ईटा‚ ढुङ्गाको पर्खाल र घरको छाना जस्तापाता र

पत्थरले छाएको घरलाई मात्र घर मानिनेछ।कोठा भन्दा कम खर‚ प्लास्टिक‚ माटाको ढलान घरलाई घर मानिनेछैन।

**.आ॰ मुक्त हलिया .ख॰ वर्गको हलिया परिचयपत्रका लागिः**
.क॰ नेपाल सरकार आवास मापदण्ड अनुसार जमिन स्वामित्वमा भएतापनि घर जीर्ण भएको‚ खोलाको किनार‚ पाखोमा उब्जनी नहुने ठाउँमा भएको‚ आर्थिक तथा सामाजिक अवस्था कमजोर भएको परिवार।

**८. प्रमाणीकरण र अनुमोदनः**
.क॰ वडा समितिबाट प्रमाणिकरणका लागि पेश हुन आएका हलियाहरूको मुलुकको अन्य स्थानमा जग्गा नभएको यकिन गर्न नगरपालिकाले सम्बन्धित मालपोत कार्यालयमा पठाउने।
.ख॰ मालपोत कार्यालयले आफ्नो भूमि अभिलेख व्यवस्थापन सूचना प्रणाली (LRMIS) मा भिडाई अन्यत्र जग्गा नहुनेको नामावली कार्यपालिकामा फिर्ता पठाउने।
.ग॰ मालपोतबाट यकिन भै प्राप्त हुन आएको लगत कार्यपालिकाले प्रमाणीकरण गर्नुपर्ने।
.घ॰ प्रमाणीकरण र वर्गिकरण भएको सूची मुक्त हलिया पहिचान तथा पुनःस्थापना समितिले अनुमोदनको लागि कार्यपालिका समक्ष पठाउनुपर्ने।

**९. परिचयपत्र तयारी र वितरणः** .१॰ दफा ८ बमोजिम मुक्त हलियाहरूको सूची अनुमोदन गरिसकेपछि देहाय बमोजिमको रङ्गमा परिचयपत्र तयार गर्नुपर्ने।
.क॰ “क वर्ग” का हलिया श्रमिकलाई रातो परिचयपत्र।
.ख॰ “ख वर्ग“ का हलिया श्रमिकलाई निलो परिचयपत्र।
.२॰ परिचयपत्रको ढाँचा अनुसूची २ मा निर्धारण भए बमोजिम हुनेछ।
.३॰ वर्गीकृत हलिया श्रमिकको नामावली र आवश्यक मात्रामा परिचयपत्रहरूको छपाई नगरपालिकाले व्यवस्थापन गर्ने।

**१०. परिचयपत्र वितरण प्रक्रियाः** .१॰ वर्गीकृत मुक्त हलियाहरूलाई नगरपालिकाले देहाय बमोजिमको प्रकिया पुरा गरी परिचयपत्र वितरण गर्नुपर्नेछः
.क॰ मुक्त हलियाहरूको स्वीकृत नामावली र परिचयपत्र नगरपालिकाले मुक्त हलिया रहेका वडा कार्यालयहरूमा पठाउने।

.ख॰ वडा कार्यालयले सम्बन्धित मुक्त हलियाहरूलाई परिचयपत्र लिनका लागि दुइप्रति फोटो र सक्कल नागरिकता लिइ सम्पर्क राख्न आउनु भनी नामावली सहित सूचना प्रकाशित गर्ने।
.ग॰ सूचना बमोजिम सम्पर्क राख्न आउने मुक्त हलियाहरूलाई निज सम्बन्धित व्यक्ति भए॑ नभएको यकिन गरी परिचयपत्र तयार गर्ने।
.घ॰ परिचयपत्रमा भएका विवरण र फोटो समेतको अभिलेख किताब तयार गरी सोही किताबमा परिचयपत्र बुझिलिएको भनी दस्तखत गराइ परिचयपत्र बुझाउने।
.२॰ मुक्त हलिया परिचयपत्रको ढाँचा यसै कार्यविधिको अनुसूची २ मा राखिएको छ।

## परिच्छेद ३

## मुक्त हलिया श्रमिकले प्राप्त गर्ने सुविधा॑कार्यक्रम र कार्ययोजना

११. **प्राप्त गर्ने सुविधाः** .१॰ परिचयपत्र प्राप्त गरेका भुमिहिन तथा घर विहिन हलिया श्रमिकलाई बसेबासकालागि घर तथा जग्गा उपलब्ध गराउन सघ र प्रदेश सरकार सग अबस्यक समन्वय गरी न पा ले आवश्यक ब्यवस्था गर्नेछ ।

**१_ सामाजिक सुधार र सशक्तिकरण कार्यक्रमः**

**(१॰ मुक्त हलिया समुह गठन, सशक्तिकरण र सिप विकासः**

(क॰ मुक्त हलिया समूह गठन र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
(ख॰ सिप उपयोग र प्रविधि हस्तान्तरणका क्षेत्रहरूबारे चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
(ग॰ मुक्त हलिया लक्ष्यित सिप विकास तथा व्यवसायिक तालिम प्रदान गर्ने।
(घ॰ उमेर, क्षमता र ईच्छा अनुसार प्रत्येक वडामा आधारभूत तालिमको व्यवस्था गर्ने।
(ङ॰ विशेष दक्षता तालिम लिन चाहने मुक्त हलियाहरूलाई आवश्यक श्रोत, साधनको प्रबन्ध मिलाई तालिम प्रदान गरिनेछ।

**(२॰ शैक्षिक विकास कार्यक्रमः**

(क॰ मुक्त हलिया लक्ष्यित शिक्षामा पहुँच वृद्धि कार्यक्रम सञ्चालन गर्ने।
(ख॰ आधारभुत तहका मुक्त हलियाका छात्रछात्रालाई नगरपालिका मार्फत विशेष छात्रवृति सहित शैक्षिक सामग्री उपलब्ध गराउने।
(ग॰ प्राविधिक र व्यवसायिक शिक्षामा मुक्त हलियाका बालबालिकालाई प्राथमिकतामा राखि पूर्ण छात्रवृति प्रदान गर्ने।

**(३॰ स्वास्थ्य उपचार तथा स्वास्थ्य बिमा कार्यक्रमः**

(क॰ स्वास्थ्य सेवामा पहुँच वृद्धि विशेष कार्यक्रम सञ्चालन गर्ने।
(ख॰ खोप तथा विशेष खोपहरुमा प्राथमिकता दिने।

(ग॰ स्थानीय स्तरमा उपचार संभव नभएको भनी चिकित्सकले सिफारिस गरेका मुक्त हलियालाई रेफरल अस्पतालमा नि.शुल्क उपचारको व्यवस्था गर्न सिफारिस गर्ने।
(घ॰ महिला स्वयंसेविका र मातृ शिशु कार्यकर्ताजस्ता आधारभूत स्वास्थ्य सेवाको काम गर्ने पदहरूमा भर्ना लिंदा न्यूनतम योग्यता पुगेका मुक्त हलियाका महिलाहरूलाई प्राथमिकता दिने ।

**.४॰ समावेशिता तथा सहभागिता अभिवृद्धिः**

(क॰ आमा समुह, टोल सुधार समिति, खानेपानी उपभोक्ता समूहजस्ता सामुदायिक संस्थामा अर्थपूर्ण सहभागितामा प्राथमिकता दिने।
.ख॰ पालिकास्तरीय तथा वडास्तरीय विभिन्न कार्यक्रम कार्यान्वयनका सन्दर्भमा गठन हुने समितिहरूमा प्रतिनिधित्व गराउने।
(ग॰ मुक्त हलिया सम्बन्धी नीति निर्माण गर्ने नगरपालिकाका कुनै पनि सामाजिक संयन्त्रमा मुक्त हलियाहरूको प्रतिनिधित्व गराउने।

**.५॰ सशक्तिकरणमा विकास साझेदार सँस्थाको सहभागिताः**

(क॰ नगरपालिकामा तालिम प्राप्त गरेका मुक्त हलियालाई तालिम अनुसारको सीप प्रयोग गर्न औजार, यन्त्र उपकरण उपलव्ध गराउने।
(ख॰ आफ्नै व्यवसाय शुरू गरी अन्यलाई पनि रोजगारी दिने मुक्त हलियालाई क्षमता अभिवृद्धि र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Exposure visit को अवसर उपलब्ध गराउने।
(ग॰ पुनःस्थापनन कार्यमा संलग्न नगरपालिका र वडा समितिमा रहेका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा अवलोकन भ्रमणको लागि Exposure visit गराउने।
(घ॰ लगत सङ्कलनको लागि आवश्यक मोड्यूल तथा सफ्टवेयर र उपकरण उपलब्ध गराई उपयोग गर्न सक्षम बनाउने।
(ङ॰ उपरोक्त कार्यहरू गर्दा विकास साझेदार संस्था,संघ र प्रदेश सरकार्संग को समन्वय गर्ने।

**.६॰ जीविकोपार्जन तथा आर्थिक सुधार कार्यक्रमः**

मुक्त हलियाहरूको जीवनस्तरमा सुधार ल्याउन उनीहरूमा आत्मबल, सीप विकास र क्षमता अनुसार दक्षता अभिवृद्धि गरी वृति विकासमा टेवा पुर्याउन देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
.क॰ मुक्त हलियाबाट निर्माण भएका कृषि समुह, बचत समुह, सहकारी संस्थालाई दर्तामा सहजीकरण, तालिम, अवलोकन भ्रमण, बिउ, बिजन, बिउपूँजी कार्यक्रम सञ्चालन गर्ने।
.ख॰ सहकारी सञ्चालनको लागि सेयर सदस्यको आधारमा बिउपूँजी उपलव्ध गराउने।
.ग॰ मुक्त हलिया परिवारमा रहेका महिला र पुरूषको रूची र क्षमता हेरी सिलाई कटाइ, च्याउ खेती, बेमौसमी तरकारी, फलफूल तथा तरकारी घुम्ती व्यवसाय, घरेलु अचार उद्योग, प्याकेजिङ्ग, ड्राइभिङ्ग, सैलुन, विद्युतीय सामान वायरिङ्ग र मर्मत, डकर्मी, मोटरसाइकल मर्मत, कुखुरा पालन, माछापालन, बेतबाँसबाट मुढा बनाउने, हाउस पेण्टिङ्ग, सिकर्मी, होटल म्यानेजमेन्ट, प्लम्विंग, आरन, मार्वल टायल फिटिङ्ग लगायत स्थानीयस्तरमा उपयोगी हुने तालिम सञ्चालन गरी

सामूहिक र व्यक्तिगत रूपमा व्यवसाय सञ्चालन गर्न आवश्यक मेशिनरी औजार तथा उपकरण उपलव्ध गराउने।

.घ॰ जग्गा भाडामा लिई सामूहिक कृषि उत्पादन व्यवसाय सञ्चालन गर्ने।

**.७॰ रोजगार प्रबर्द्धन कार्यक्रमः**

(अ॰ प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा मुक्त हलियालाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने।

(आ॰ सिप वा सेवा बेच्न चाहने व्यक्तिको दक्षता र सम्पर्क नम्बर अद्यावधिक गर्ने।

(इ॰ श्रम वा सेवा आवश्यक पर्ने व्यक्ति संस्था वा निकायले रोजगार केन्द्रमार्फत सम्बन्धित व्यक्तिसँग सम्पर्क गर्न सक्ने व्यवस्थाको प्रचार प्रसार गर्ने।

(ई॰ स्थानीय सरकारले मुक्त हलियाहरूलाई तत्काल आवश्यक उपकरण उपलव्ध गराउने।

(उ॰ नगरपालिकामा सञ्चालन हुने प्रधानमन्त्री स्वरोजगार कार्यक्रम वा अन्य रोजगार कार्यक्रममा हलिया श्रमिकलाई उपलब्ध गराउनका लागि नगरपालिकाले प्रदेश र संघ सरकारसँग समन्वय गर्ने।

## परिच्छेद ४

## कार्यान्वयन संयन्त्र र जिम्मेवारी

**१५. कार्यान्वयन संरचनाः** मुक्त हलिया पुनःस्थापन गर्ने लगत सङ्कलन कार्यमा वडा समिति, कार्यान्वयनको मुख्य जिम्मेवारीमा नगरपालिका, स्रोत व्यवस्था, समन्वय र अनुगमनको लागि प्रदेश र संघ सरकारको भूमिका रहनेछ।

**१_ नगरपालिकास्तरिय मुक्त हलिया पुनःस्थापना समितिः** .१॰ मुक्त हलियाहरूको पुनःस्थापना सम्बन्धित कार्य गर्न नगरपालिकामा देहाय बमोजिमको पुनःस्थापना समिति रहनेछः

(क॰ नगरप्रमुख ्संयोजक

(ख॰ दलित तथा अल्पसँख्यक कार्यपालिका सदस्य १ महिला सहित ्२जना सदस्य

(ग॰ राष्ट्रिय भूमि आयोगको नगरपालिका हेर्ने प्रतिनिधी ्सदस्य

(घ॰ नगरपालिकाको हलिया प्रतिनिधी १ महिला सहित ्२ जना सदस्य

(ङ॰ प्रमुख प्रशासकिय अधिकृत ्सदस्य

सचिव

.२॰ समितिले आवश्यकता अनुसार विज्ञ सदस्यलाई आमन्त्रण गर्न सक्नेछ।

(३॰ पुनःस्थापना समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४॰ समितिले बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्नेछ।

**१६. पुनःस्थापना समितिको काम˜ कर्तव्य र अधिकारः**

पुनःस्थापना समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क॰ पुनःस्थापना सम्वन्धी नीति र कार्ययोजना तर्जुमा गर्ने।

(ख॰ स्वीकृत नीति र कार्ययोजना कार्यान्वयनको लागि नगरपालिकामा पठाउने ।
(ग॰ पुनःस्थापना सम्वन्धी वार्षिक कार्यक्रम स्वीकृतका लागि कार्यपालिकामा पेश गर्ने ।
(घ॰ मुक्त हलियाहरूको लगत सङ्कलन कार्यको लागि सूचना प्रकाशन गर्न निर्देशन दिने।
(ङ॰ पुनःस्थापना कार्यको उपलब्धी सूचकका आधारमा नियमित रुपमा त्रैमासिक र वार्षिक समीक्षा गरी सुधारात्मक उपायहरु अवलम्वन गर्न निर्देशन दिने।
(च॰ छिटो छरितो र न्यायिक पुनस्थापनका लागि संघ र प्रदेश सरकारसँग समन्वय गर्ने।
(छ॰ समाज कल्याण परिषद्सँग समन्वय गरी विकास साझेदार संस्था, गैरसरकारी संस्था लगायत अन्य दातृ निकायलाई सहकार्य गर्न आमन्त्रण र सहजीकरण गर्ने।

**४. पुनःस्थापन समितिको सचिवालयः** (१॰ मुक्त हलिया पुनस्थापन सम्बन्धी कार्यमा सहजीकरण गर्न नगरपालिकामा समितिको सचिवालय रहनेछ।

(२॰ पुनःस्थापना समितिको सचिवालयको काम देहाय बमोजिम हुनेछः

(क॰ पुनःस्थापना कार्यको लागि समर्पित शाखा (Dedicated Section) र कर्मचारी तोक्ने।
(ख॰ वार्षिक कार्यक्रम, कार्ययोजना र कार्यान्वयनका उपलव्धीसूचक तर्जुमा गरी पुनःस्थापना समितिबाट स्वीकृत गराउने।
(ग॰ पुनःस्थापना समितिबाट स्वीकृत भएबमोजिम मुक्त हलियाहरूको पहिचानको लागि लगत संकलन कार्यसञ्चालन गर्न अवधि तोकी सूचना प्रकाशन गर्ने।
(घ॰ स्वीकृत कार्यक्रम कार्ययोजना बमोजिम कार्यान्वयनको लागि सम्बन्धित निकाय र नगरपालिकामा पठाउने।
(ङ॰ आंशिक रकम भुक्तानी दिनुपर्ने मुक्त हलियाहरूको लागि आवश्यक बजेटको व्यवस्था गर्न सम्बन्धित निकायमा लेखि पठाउने।
(च॰ पुनःस्थापना कार्यको अनुगमन गरी सुधारात्मक उपाय अवलम्वन गर्न पुनस्थापन समितिमा पेश गर्ने।
(छ॰ पुनःस्थापना समितिसँग समन्वय गरी विकास साझेदार संस्था, गैरसरकारी संस्था लगायत अन्य दातृ निकायबाट प्राप्त सहयोगको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।
(ज॰ पुर्नस्थापना समितिले तोकेका अन्य कार्य गर्ने।

**१٨. वडा समितिको काम, कर्तव्य र अधिकारः** वडा समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क॰ लगत संकलनको सूचना प्रकाशित भएपछि लगत संकलन सहजीकरण समिति गठन गरी लगत संकलनको कार्य शुरू गर्ने।
(ख॰ लगत संकलन सहजीकरण समितिबाट संकलित लगत सिफारिस सहित पालिकामा पेश गर्ने।
(घ॰ नगरपालिकाबाट वर्गीकरण भै आएका मुक्त हलियाहरूलाई परिचयपत्र वितरण गर्ने।
(ङ॰ यस अधि पुर्नस्थापनको क्रममा सबै सुविधा नपाएका मुक्त हलियाहरूलाई आंशिक रकम लिन सहजीकरण गर्ने।

(च॰ रातो परिचयपत्र पाएका मुक्त हलियालाई व्यवस्थित बस्ती विकास गर्न जग्गा पहिचानको लागि नगरपालिकासँग सहजीकरण गर्ने।

## परिच्छेद ५
## विविध

**१९. जनशक्ति व्यवस्थाः**

(क॰ मुक्त हलिया पुर्नस्थापना कार्यलाई प्रभावकारी बनाउन र समितिको कामलाई व्यवस्थित गर्न नगरपालिकाले एक जना नायब सुब्बा सरहको कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्न सक्नेछ।

(ख॰ लगत संकलनको लागि वडामा गणना अवधिको लागि करारमा आवश्यक संख्यामा गणक नियुक्त गर्न सक्नेछ।

**२०. सेवा सुविधाः**

(क॰ पुर्नस्थापना समितिले तोकेको कर्मचारीलाई कार्यालयले प्रोत्साहन भत्ता उपलव्ध गराउन सक्नेछ। तर पुनास्थापना कार्यक्रम कै लागि नयाँ कर्मचारी करारमा भर्ना गरिएको भए यस्तो थप प्रोत्साहन भत्ता उपलव्ध हुने छैन।

(ख॰ पुर्नस्थापना समितिमा प्रतिनिधित्व गर्ने समितिका सदस्यलाई बैठकमा भाग लिन आउँदा नेपाल सरकारको नीति अनुरूप दैनिक भत्ता, बैठक भत्ता र भ्रमण खर्च उपलव्ध गराउनु पर्नेछ।

(ग॰ वडा कार्यालयको सचिवलाई कार्यालयले प्रोत्साहन भत्ता, लगत संकलनको लागि वडामा भर्ना गरिएका गणकलाई पद अनुसारको तलव स्केल, गणनामा संलग्न हुने मुक्त हलिया प्रतिनिधिलाई सहायक पाँचौ सरह दैनिक भत्ता उपलव्ध गराउनु पर्नेछ।लगत संकलनको लागि भ्रमण गर्ने कर्मचारीले स्थानीय दररेट अनुसार यातायात खर्च पाउनेछन्।

(घ॰ पुनस्थापना कार्यको अनुगमनमा जाने पदाधिकारीले आफ्नो पद अनुसारको दैनिक तथा भ्रमण भत्ता पाउने छन्।अनुगमन टोलीको नेतृत्व अधिकृत स्तरका कर्मचारीले गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ङ॰ पुनःस्थापनाको सन्दर्भमा बस्ने बैठकहरूमा प्रचलित आर्थिक नियम अनुसार भत्ता र खाजा खर्च उपलब्ध हुनेछ।

**२१. स्पष्ट नभएको विषयमाः** (१॰ मुक्त हलियालाई बसोबासको लागि जग्गा उपलव्ध गराउने तथा पुनर्स्थपनका विषयमा यस कार्यविधिमा स्पष्ट नभएको विषयमा भूमि सम्वन्धी ऐन, २०२१ र भूमिसम्बन्धी नियमहरू, २०२१ मा भएको व्यवस्था बमोजिमको प्रक्रिया अबलम्वन गर्न प्रदेश सरकार मार्फत संघीय सरकार संग समन्वय गर्नुपर्नेछ।

(२॰ संघ, प्रदेश र नगरपालिकाले मुक्त हलियाहरूको उत्थान गर्न विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालन गर्न यस कार्यविधिले बाधा पुर्याउने छैन।

**२५. बाझिएमा गर्नेः** यस कार्यविधिमा उल्लेख भएको कुरा नेपालको संविधान, प्रचलित ऐन, नियमसँग बाझिन गएमा बाँझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

**२- अनुसूचीमा थप र हेरफेरः** पुनःस्थापना समितिले यस कार्यविधिमा रहेका अनुसूचीमा आवश्यकता अनुसार थप र हेरफेर गर्न सक्नेछ।

**२. बाधा अडकाउ परेमाः** यस कार्यविधि बमोजिम कुनै कार्य गर्दा द्विविधा भइ बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ।

अनुसूची १

(कार्यविधिको दफा ३ को .५॰ सँग सम्बन्धित॰

मुक्त हलिया लगत सङ्कलन एवं स्वघोषणा फाराम

जिल्लाः...... पालिकाः....... वडा... नः

साविकको नगरपालिका ÷..................

१॰ मुक्त श्रमिक पहिचानः

(क॰ सपरिवारबाट पहिले कोही अन्यत्र हलिया÷हली वस्नु भएको थियो?......(थियो÷थिएन॰

प्रश्न .क॰ को उत्तर “थियो” भएमा मात्र अरु प्रश्न सोध्ने। .थिएन भने ८ को १ मा टिक लगाउने॰

(ख॰ तपाईको नाम केहो ?............................(हलिया वस्ने व्यक्तिलाई नै सोधेर उत्तरदाताको नाम लेख्ने॰

(ग॰ तपाई कहिलेदेखि हलिया बस्नु भएको थियो ? मितिः........ मिति २०६५।५।२१ भन्दा अघि भएमात्र अरु प्रश्न सोध्ने॰

(घ॰ तपाई कस्को घरमा हलिया बस्नु भएको थियो? .............................

(साहुको नाम लेख्ने॰

२॰ नेपाल सरकारले यस अघि सङ्कलन गरेको मुक्त हलियाको लगतमा तपाईको नाम समावेश भएको छ?...........( छ भने ४ बाट शुरु गर्ने।छैन भने ८ को ५ मा टिक लगाउने र प्रश्न ३ सोध्ने॰

३॰ पारिवारिक विवरणः

| क्र. स. | परिवारका सदस्यको नाम | घरमूलीसँग नाता | लिङ्ग .पुरुष, महिला ,अन्य॰ | उमेर वर्ष | शिक्षा .खुलाउने॰ | जन्म दर्ता छ॰१ छैन॰ २ | नागरिकता छ॰१ छैन॰२ | हाल बसेको ठाउँ आफ्नो पुर्जा ॰ १ साहुको॰२ सरकारी सार्वजनिक–३ | आफ्नो पुर्जा भएको जगा को |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | क्षेत्रफल |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

४। तपाइले यस अघिको पुनस्थापन कार्यक्रमबाट कुनै सुविधा प्राप्त गर्न बाँकी छ ?......(छ भने मात्र प्रश्न ५ मा जाने, छैन भने ८ को २ मा टिक लगाउने, थप नसोध्ने।

५। तपाईले यस अघिको पुनःस्थापना कार्यक्रमबाट के सुविधा लिनु भएको थियो ?................

६। तपाईले के सुविधा पाउन बाँकी छ?............( आँशिक बाँकी छ । सबै बाँकी छ । सबै बाँकी भए ८ को ४ मा टिक लगाउने।

(१। ..........

(२। ..........

(३। ..........

(घर निर्माण खर्च, घर निर्माण दोस्रो किस्ता वा घर मर्मत दोस्रो किस्ता यी मध्ये कुनै उत्तर आए ८ को ३ मा टिक लगाउने।

७। उत्तरदाताको स्वघोषणाः म र मेरो परिवारको नाममा मुलुकभर दर्ता भएको वा दर्ता बाँकी जग्गा छैन।जग्गा खरिद गर्ने हाम्रो क्षमता छैन।म र मेरो परिवारको सदस्यले विगतमा राज्यबाट जग्गा वा आवासको स्वामित्व प्राप्त गरेको छैन।अँश बाफत म र परिवारको कुनै सदस्यले जग्गा पाउने सम्भावना छैन।साथै आफ्नो वा परिवारको नाममा रहेको सम्पूर्ण जग्गा कुनै प्रकारले हक हस्तान्तरण गरेको छैन।उल्लिखित कुरा साँचो हो झुट्टा ठहरे कानून वमोजिम सहुँला बुझाउँला।

| औठा छाप | | हस्ताक्षर |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | |

८। लगत सङ्कलन कार्यदलको रायः

| | |
|---|---|
| १। मुक्त हलिया होईनः लगतमा समावेश गर्नुपरेन। | |
| २। मुक्त हलिया होः निजले सुविधा लिइसकेकोले लगतमा समावेश गर्नुपरेन। | |
| ३। मुक्त हलिया होः निजलाई आंशिक सुविधा दिन बाँकी छ। | |
| ४। मुक्त हलिया होःपहिले लगतमा नाम समावेश भएपनि सुविधा लिएको छैन। | |
| ५। मुक्त हलिया होःअघिको लगतमा नाम समावेश छैन।लगतमा समावेश गर्नुपर्ने | |

| | |
|---|---|
| फाराम भर्ने कर्मचारीको | वडा प्रतिनिधिको नाम |
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

## अनुसूची २

## परिचयपत्रको ढाँचा

(कार्यविधिको दफा १० को .२。 सँग सम्बन्धित。

| अगाडि | पछाडि |
|---|---|
| ......नगरपालिका<br>नगरपालिकाको कार्यालय.....<br>फोटो<br>मुक्त हलिया परिचयपत्र<br>वर्ग....<br>नामः<br>ठेगानाः...............पालिका वडा नं.<br>ना.प्र.नं.<br>प्रमाणित गर्नेको सहिः | बाबुको नामः<br>पति वा पत्नीको नामः<br>आफु समेत परिवार सँख्याः<br>परिचयपत्र पाउनेको दस्तखतः<br><br>यो परिचयपत्र कसैले भेटाएमा वडा कार्यालय वा स्थानीय तहमा बुझाईदिनुहोला |

अनुसूची ३
(कार्यविधिको दफा ३ को .२॰ सँग सम्बन्धित॰

.......नगरपालिका
..... नगर कार्यपालिकाको कार्यालय....
विषयः॰ मुक्त हलिया लगतमा नाम समावेश गर्ने ।

मुक्त हलिया पुनःस्थापना समितिको मिति २०८०। ......।..........को निर्णयानुसार देहायको क्षेत्रमा रहेका मुक्त हलियाहरुको लगत सङ्कलन गर्ने कार्यका लागि मिति २०८०।....।.... देखि २०८०।......।...... सम्म सम्बन्धित स्थानीय तहको वडास्तरमा गणना टोली परिचालन हुने भएकोले उक्त टोली समक्ष आफ्नो नाम नामेसी टिपाउन सरोकारवाला मुक्त हलियालाई जानकारी गराइन्छ ।

लगत सङ्कलन कार्यको लागि गणना टोली खटिने क्षेत्र
प्रदेशः

जिल्लाः

स्थानीय तहः

अनुसूची ४

(कार्यविधिको दफा ७ को .१. सँग सम्बन्धित.

................पालिका

....... नं. वडा कार्यालय

लगत सङ्कलन सहजीकरण समिति

विषयः दावी, विरोध गर्ने सम्वन्धमा ।

मुक्त हलिया पुनःस्थापना समितिको सचिवालयको मिति २०८०। । ।को सूचना बमोजिम यस वडामा मिति २०८०। । देखि मिति २०८०। । सम्म मुक्त हलिया लगत सङ्कलन गर्न परिचालन गरिएको गणना टोलीबाट प्राप्त विवरण निम्नानुसार रहेको छ। यस विवरणमा कुनै व्यहोरा फरक परेको वा विवरण सत्य नरहेको भए यो सूचना प्रकाशन भएको मितिले सात दिनभित्र यस समितिमा जानकारी गराई विवरण अद्यावधिक गर्न सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

क.साविक लगतमा नाम समावेश भै कुनै सुविधा नपाएका मुक्त हलिया

१

२

३

ख. साविकको लगतमा छुट भएका मुक्त हलियाहरु

१.

२.

३

ग. पहिलो पटक लगतमा नाम समावेश हुन आएका मुक्त हलिया

१.

२.

३

घ.साविक लगतमा नाम समावेश भै आंशिक सुविधा लिन बाँकी मुक्त हलिया

१.

२.

३

## अनुसूची ५
## कार्यक्रम कार्यान्वयन कार्ययोजना

| क्र.स. | क्रियाकलापहरु | मिति | स्थान | अनुमानित बजेट | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रमुख | सहायक |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

॥ समाप्त ॥

आज्ञाले

शंकर सुचिकार

प्रमुख प्रशासकिय अधिकृत